नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

**थाइल्यान्ड र म्यानमार यात्रा सम्बन्धमा सूचना**
**(Travel Advisory)**

थाइल्यान्ड र म्यानमारमा सूचना प्रविधि (IT) क्षेत्रमा आकर्षक रोजगारी तथा तलब/सुविधाको प्रलोभन देखाई नेपालीहरूलाई म्यानमारको कायिन प्रान्तको म्यावडीमा लगी बन्दी बनाई अवैध काम गर्न बाध्य बनाउने गरेको र तलब/सुविधा पनि नदिइएको जानकारी प्राप्त भएको छ । यस्तो प्रलोभनमा परी आउने नेपालीहरूलाई गैरकानूनी रूपमा थाइल्यान्डबाट स्थल मार्ग हुँदै म्यानमारको सो क्षेत्रमा लैजाने र रोजगारदाताले नेपाली राहदानीसमेत जफत गरी दैनिक १२-१३ घण्टासम्म अनलाइन ठगीलगायतका गैरकानूनी काममा लगाउने गरेको बुझिन आएको छ।

यसरी म्यानमारको म्यावडी क्षेत्रमा पुगी बन्धक बनाइएका तथा अलपत्र परेका नेपालीहरूले आफ्नो उद्धारका लागि नेपालस्थित आफन्तजन र नेपाली राजदूतावासहरू बैंकक तथा यांगुनमा सम्पर्क गर्ने गर्नुभएको छ । नेपाली दूतावासहरूले स्थानीय सरकारसँग समन्वय गरी केही संख्यामा नेपालीहरूको उद्धार गरिसकेका छन् र थप नेपालीको उद्धारको प्रयास भइरहेको छ। तर म्यानमारको उक्त क्षेत्र द्वन्द्वग्रस्त भएकोले उद्धार गर्नसमेत चुनौती पूर्ण रहँदै आएको छ ।

उपर्युक्तानुसार नक्कली रोजगारीका विज्ञापनहरू प्रायः सामाजिक सञ्जालमा आउने गरेका देखिएकोले यस्ता झूटा आश्वासनमा नपर्न नेपाली नागरिकहरूलाई अनुरोध गरिन्छ।

साथै, विदेशमा रोजगारी गर्न जाँदा पर्यटक/भिजिट भिसामा नगई प्रचलित नेपाल कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र विदेश जान अनुरोध गरिन्छ । यसरी रोजगारीका लागि विदेश जानुअघि नेपाल सरकारका सम्बन्धित कार्यालयहरू तथा विदेशस्थित नेपाली नियोगहरूसँग सम्पर्क गरी रोजगारदाता कम्पनी र रोजगारीको बारेमा बुझ्नहुन र आफैंले समेत सम्बन्धित कम्पनी/रोजगारदाताको बारेमा वेवसाइट/टेलिफोन/इमेल मार्फत सम्पर्क गरी जाँचबुझ गर्नहुन अनुरोध गरिन्छ ।

वैदेशिक रोजगारीमा लगाइदिने वा यस्तै अन्य प्रलोभनमा पारी ठूलो रकम लिई कुनै व्यक्तिलाई विदेशमा ल्याई अलपत्र पार्ने एवम् नेपाल सरकारको प्रचलित कानूनअनुरूप निषेध गरिएका कार्यहरूमा संलग्न हुने/गराउने कार्य कानूनबमोजिम दण्डनीय भएकोले यस्ता गैरकानूनी कार्यहरू नगर्न/नगराउन र यसतर्फ सचेत रहन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

उल्लिखित विषयहरूलगायतका सम्बन्धमा कुनै जानकारी लिनुपरेमा नेपाली राजदूतावास,बैंकक तथा यांगुनको इमेल eonbangkok@mofa.gov.np र eonyangon@mofa.gov.np टेलिफोन नम्बरहरू +६६-८६९९१५५५४, +९५-१-५४५८८० र +९५-१-५५७१६८ तथा फेसबुक पेज Embassy of Nepal in Bangkok, Embassy of Nepal in Yangon Myanmar मा सम्पर्कगर्न अनुरोध गरिन्छ।